# मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९

प्रस्तावना : वैदेशिक रोजगारीका गन्तव्य मुलुकमा प्राप्त हुन सक्ने मौसमी प्रकृतिका कामको लागि पठाइने गरी छोटो अवधिको वैदेशिक रोजगारलाई सुरक्षित, कम खर्चिलो, मर्यादित र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ५२क. को उपनियम (१) को अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "मौसमी कामदार व्यवस्थापन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले वैदेशिक रोजगार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "प्रणाली" भन्नाले विभागद्वारा सञ्चालित वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली सम्झनु पर्छ।

(ग) "मौसमी कामदार" भन्नाले यस निर्देशिका बमोजिम मौसमी रोजगारको लागि वैदेशिक रोजगारीमा गएका नेपाली नागरिक सम्झनु पर्छ।

(घ) "मौसमी रोजगार" भन्नाले कम्तीमा तीन महिनादेखि बढीमा एक वर्षसम्मको करार अवधि भएको वैदेशिक रोजगार सम्झनु पर्छ।

(ङ) "रोजगारदाता" भन्नाले मौसमी रोजगार दिने विदेशस्थित सरकारी निकाय वा सरकारी निकायले अधिकार प्रदान गरेको कम्पनी सम्झनु पर्छ।

(च) "विभाग" भन्नाले वैदेशिक रोजगार विभाग सम्झनु पर्छ।

३. सरकारी तहमा श्रम सम्बन्ध स्थापना गर्न सक्ने : ऐनको दफा ३ र ६ अनुकूल हुने गरी नेपाली नागरिकले मौसमी रोजगारीको लागि वैदेशिक रोजगार प्राप्त गर्न सक्ने देखिएमा मन्त्रालयले सम्बन्धित मुलुकको सरकारसँग छलफल गरी द्विपक्षीय श्रम सम्बन्ध स्थापना गर्न सक्नेछ।

४. मौसमी रोजगारको मागपत्र प्राप्ति र जाँचबुझ : (१) दफा ३ बमोजिम श्रम सम्बन्ध स्थापना भए पछि यस निर्देशिका बमोजिम नेपाली नागरिकलाई मौसमी रोजगारका अवसर दिनका लागि रोजगारदाता संस्था वा सम्बन्धित मुलुकको प्रचलित कानून बमोजिम रोजगारदाताको तर्फबाट सहजीकरण गर्ने गरी दर्ता भएको स्थानीय निकाय वा संस्थाले मागपत्र प्रमाणीकरणको लागि



सचिव

देहायका विवरण खुलाई अनलाइन माध्यमबाट सम्बन्धित नेपाली कूटनीतिक नियोगमा पेश गर्न सक्नेछः-

(क) रोजगारदाताको पूर्ण विवरण (कम्पनीको हकमा सम्बन्धित मुलुकको कानून अनुसार कम्पनी दर्ता भएको प्रमाणपत्र र कर चुक्ताको प्रमाणपत्र),

(ख) रोजगारीको किसिम र सङ्ख्या,

(ग) न्यूनतम सेवा र सुविधा,

(घ) आवास, खाना, स्वास्थ्य बिमा र कामदारको सुरक्षा,

(ङ) सम्बन्धित मुलुकको प्रवेशाज्ञा लिंदा लाग्ने शुल्क तथा कामदार पठाउँदा लाग्ने अन्य शुल्क रोजगारदाताले व्यहोर्ने सुनिश्चितता,

(च) सम्बन्धित मुलुकमा कामदारको लागि सुरक्षित कार्यस्थलको सुरक्षण भएको प्रत्याभूति पत्र,

(छ) नेपालबाट कामदार छनौट गरी सम्बन्धित मुलुकमा नपुग्दा सम्म छनौट भएको कामदारले कुनै शुल्क बुझाउनु नपर्ने तथा मौसमी रोजगारको अवधि समाप्त भए पछि रोजगारदाताको खर्चमा स्वदेश फर्काउने कुराको प्रत्याभूति पत्र।

(२) उपदफा (१) बमोजिम प्राप्त रोजगारीको माग प्राप्त भएपछि सम्बन्धित नेपाली कूटनीतिक नियोगले मागपत्रको जाँचबुझ गरी प्रणालीमा रहेको मौसमी रोजगारसँग सम्बन्धित छुट्टै इकाइमा प्रविष्ट गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मागपत्र पठाउँदा नेपालको कुनै खास स्थानीय तहमार्फत उम्मेदवार छनौट गर्ने गरी मागपत्र पठाउन सकिनेछ।

(४) उपदफा (२) बमोजिम प्रणालीमा मागपत्र प्रविष्ट भएको सात दिनभित्र विभागले मौसमी रोजगारीको लागि जान चाहने व्यक्तिहरुको छनौट गरी पठाउन उपदफा (३) बमोजिम मागपत्रमा उल्लेख भएको स्थानीय तहलाई जानकारी गराई सोको विवरण विभागको वेबसाइटमा समेत प्रकाशन गर्नु पर्नेछ।

५. <u>कामदारको छनौट</u> :(१) दफा ४ को उपदफा (४) बमोजिमको जानकारी प्राप्त भए पछि सम्बन्धित स्थानीय तहले मौसमी रोजगारीको लागि वैदेशिक रोजगारमा जान चाहने व्यक्तिसँग आवेदन माग गरी सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना बमोजिम आवेदन दिने व्यक्ति मध्येबाट सम्बन्धित स्थानीय तहले जातीय, लैङ्गिक र उमेरगत विविधता कायम हुने उम्मेदवार छनौट गरी



सचिव

माग गरिएको सङ्ख्यामा मुख्य सूची र सोको बढीमा दश प्रतिशत सङ्ख्यामा वैकल्पिक सूची तयार गरी विभागमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको सूची विभागले सार्वजनिक जानकारीको लागि आफ्नो वेबसाइट मार्फत प्रकाशन गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रकाशित सूचीका उम्मेदवारलाई विभागले मौसमी कामदारको रुपमा पठाउने व्यवस्था मिलाउनेछ र यसरी कामदार पठाउँदा उपदफा (२) बमोजिमको मुख्य सूचीमा रहेका कुनै व्यक्ति कुनै कारणले मौसमी रोजगारीको लागि वैदेशिक रोजगारमा जान नचाहेमा वैंकल्पिक योग्यता सूचीमा रहेका व्यक्ति मध्येबाट क्रमशः छनौट गरी पठाउनु पर्नेछ।

(५) उपदफा (१) बमोजिम छनौट भएका उम्मेदवारको सूची विभागले मन्त्रालयमार्फत सम्बन्धित मुलुकको नेपालमा अवस्थित वा नेपाल हेर्ने कूटनीतिक नियोगमा समेत पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम कामदारको छनौट सम्बन्धी अन्य कार्यविधि सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ।

६. <u>रोजगार सम्झौता</u> : (१) दफा ५ बमोजिम छनौट भएका कामदारसँग प्रचलित कानून बमोजिम रोजगार सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रोजगार सम्झौता गर्दा रोजगारदाताले त्यस्तो रोजगार सम्झौताको तीन प्रतिमा हस्ताक्षर गरी विभाग मार्फत सम्बन्धित कामदारको हस्ताक्षरको लागि पठाउनु पर्नेछ र यसरी प्राप्त भएको रोजगार सम्झौताको प्रतिमा सम्बन्धित कामदारको हस्ताक्षरको लागि विभागले दफा ५ बमोजिम कामदार छनौट गर्ने सम्बन्धित स्थानीय तहमा पठाउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको रोजगार सम्झौता प्राप्त भए पछि सम्बन्धित स्थानीय तहमा कामदारको हस्ताक्षर गराई सो सम्झौताको एक प्रति सम्बन्धित कामदारलाई दिई एक प्रति विभागमार्फत सम्बन्धित रोजगारदातालाई उपलब्ध गराउनु पर्नेछ र बाँकी एक प्रति अभिलेखको लागि राखी प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

(४) यस दफा बमोजिमको रोजगार सम्झौता समाप्त भएपछि त्यस्तो कामदारले पुनः रोजगार प्राप्त गर्ने भएमा सम्बन्धित नेपाली कुटनीतिक नियोग मार्फत विभागमा जानकारी गराउनु पर्नेछ।

७. <u>प्रवेशाज्ञाको लागि सिफारिस गर्ने</u> : (१) दफा ६ बमोजिम रोजगार सम्झौता सम्पन्न भएका उम्मेदवारको प्रवेशाज्ञाको लागि विभागले सम्बन्धित मुलुकको नेपालमा अवस्थित वा नेपाल हेर्ने कुटनीतिक नियोग समक्ष सिफारिस गर्नेछ।

सचिव

(२) दफा ६ बमोजिम रोजगार सम्झौता भएको कामदारले प्रवेशाज्ञाको लागि आवेदन गर्दा सम्बन्धित मुलुकको प्रचलित कानून बमोजिम समावेश गर्नु पर्ने कागजातहरु बुझाउने जिम्मेवारी सम्बन्धित कामदारको नै हुनेछ।

८. <u>अभिमुखीकरण</u> : (१) यस निर्देशिका बमोजिम मौसमी रोजगारीमा काम गर्न जान प्रवेशाज्ञा प्राप्त गरेका कामदारले सम्बन्धित मुलुकमा प्रस्थान गर्नु अघि कम्तीमा दुई दिनको अभिमुखीकरण तालिम लिनु पर्नेछ।

(२) यस दफा बमोजिमको अभिमुखीकरणको सम्पूर्ण विवरण प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

९. <u>बिमा गर्नु पर्ने</u> : यस निर्देशिका बमोजिम मौसमी कामदारको रुपमा जानको लागि सम्बन्धित मुलुकको प्रवेशाज्ञा प्राप्त गरेका कामदारको ऐन बमोजिमको विमाङ्कमा नघट्ने गरी बिमा गर्नु पर्नेछ।

१०. <u>कल्याणकारी कोषमा रकम जम्मा गर्नुपर्ने</u> : यस निर्देशिका बमोजिम मौसमी कामदारको रुपमा जानको लागि सम्बन्धित मुलुकको प्रवेशाज्ञा प्राप्त गरेका कामदारले ऐनको दफा ३२ बमोजिम वैदेशिक रोजगार कल्याणकारी कोषमा रकम जम्मा गर्नु पर्नेछ।

११. <u>स्वास्थ्य परीक्षण</u> : यस निर्देशिका बमोजिम मौसमी कामदारको रुपमा जानको लागि सम्बन्धित मुलुकको प्रवेशाज्ञा प्राप्त गरेका कामदारले सम्बन्धित मुलुकमा जानु अघि ऐनको दफा ७२ बमोजिम स्वास्थ्य परीक्षण गरी सो को प्रमाणपत्र प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

१२. <u>श्रम स्वीकृति</u> : (१) यस निर्देशिका बमोजिमको सबै प्रकृया पूरा गरी मौसमी कामदारको रुपमा जाने कामदारलाई विभागले श्रम स्वीकृति दिनेछ।

(२) प्रचलित कानून बमोजिम एकपटक श्रम स्वीकृति लिएर गएको व्यक्तिले सोही रोजगारदाताकोमा पुनः रोजगारी पाउने भएमा त्यस्तो व्यक्तिलाई विभागले पूनः श्रम स्वीकृति प्रदान गर्न सक्नेछ।

सचिव